बैठक नं. ०३/२०८१/०८२

आज मिति २०८१ भाद्र २४ गते सोमबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीको उपस्थितिमा बैठक बसी तपशील अनुसारका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | ९८५१०९९१५६ | |
| २ | श्री विपना कुलुङ | उपाध्यक्ष | ९८६९५७८६८६ | |
| ३ | श्री पर्खिधन राई | १ नं. वडा अध्यक्ष | ९८६२८५७४०१ | |
| ४ | श्री प्रदिप राई | २ नं. वडा अध्यक्ष | ९८६२७५९११० | |
| ५ | श्री दुर्गा बहादुर राई | ३ नं. वडा अध्यक्ष | ९८४२९९९३३४ | |
| ६ | श्री सरस्वती राई | ४ नं. वडा अध्यक्ष | ९८४२८१५१६३ | |
| ७ | श्री महलसिं राई | ५ नं. वडा अध्यक्ष | ९८४२९०४६६२ | |
| ८ | श्री सिद्धिमनि कुलुङ | कार्यपालिका सदस्य | | |
| ९ | श्री सितामाया वि.क. | कार्यपालिका सदस्य | ९७४९७१७६९३ | |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | ९७४२५६४३०७ | |
| ११ | श्री निर कुमारी कुलुङ | कार्यपालिका सदस्य | ९८४२८१९७१२ | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | ९८४४१५८७०० | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | ९८६०८८७७५० | |
| १४ | श्री खरिधन राई | नि. प्र.प्र.अ. | ९८५२८२००३६ | |

प्रस्ताव तथा निर्णयहरु

| सि.नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्वन्धमा | यस महाकुलुङ गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री नविन कुमार गोले ज्यूको सरुवा भई मिति २०८१/५/१९ मा रमाना समेत लिएर जानुभएकोमा सम्बन्धित मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृत खटी नआएकोले अर्को व्यवस्था नहुन्जेलको लागि यस कार्यालयका वरिष्ठ कर्मचारी प्रशासकीय अधिकृत (अधिकृतस्तर सातौं) श्री खरिधन राई (क.सं.नं. २४३५४६) लाई अर्को व्यवस्था नहुन्जेलको लागि आर्थिक अधिकार सहितको निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्रदान गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने/लेखी पठाउने । |
| २ | रकम विनियोजन/बाँडफाँड सम्वन्धमा | महाकुलुङ गाउँपालिका शिक्षा शाखाको प्रस्तावमा चालु आ.व. २०८१/८२ मा स्वीकृत बजेट अन्तर्गत महाकुलुङ गाउँपालिका शिक्षा शाखा अन्तर्गत वाल दिवस कार्यक्रम शिर्षकमा विनियोजित रु. १ लाख ८० हजार रुपैयाँमध्ये गाउँपालिकामा रहेका माध्यमिक तहका ३ वटा विद्यालयले कार्यक्रम संचालन गर्ने गरी देहाय वमोजिम रकम विनियोजन गरी उपलब्ध गराउने निर्णय पारित गरियो ।<br>१) श्री सगरमाथा माध्यमिक विद्यालय, बुङ – ६०,०००।-<br>२) श्री गुदेल माध्यमिक विद्यालय, गुदेल – ६०,०००।-<br>३) श्री छेस्काम माध्यमिक विद्यालय, छेस्काम – ६०,०००।- |
| ३ | लगत कट्टा सम्वन्धमा | यस महाकुलुङ गाउँपालिकाभित्र निर्माण गरिएका सडकहरुको लगत कट्टा गर्नको लागि जिल्ला मालपोत कार्यालय तथा नापी कार्यालयसँग आवश्यक समन्वय गर्न यस गाउँपालिकाका नापी शाखाका कर्मचारी महरालाई खटाउने र आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो । |
| ४ | विद्युत प्रशारण लाईनको सम्वन्धमा | यस महाकुलुङ गाउँपालिकामा सामुदायिक विद्युतीकरण कार्यलाई अगाडी बढाउनको लागि TOD मिटर जडान गर्नको लागि नेपाल विद्युत प्राधिकरण कार्यालय, सोलुखुम्बुसँग समन्वय गरी स्थानीय नागरिकबाट संकलित रकम भुक्तानी गर्ने र TOD मिटर माग गरेर वितरण गर्ने र सामुदायिक ग्रामीण विद्युतीकरण संस्था गठन गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय पारित गरियो । |

| | | |
|---|---|---|
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा। | चालु आव २०८१/८२ मा महाकुलुङ गाउँपलिकालाई प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत IDA स्रोत अन्तर्गत रु. ३२ लाख र नेपाल सरकार अन्तर्गत रु. १२ लाख ४४ हजार बाट सृजना गर्न सकिने क्रमश जम्मा ४० र १५ जनाको रोजगार कार्यक्रमलाई देहाय वमोजिम वडागत रुपमा वितरण गरेर कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।<br>१) स्रोतः IDA<br>वडा नं. १ मा ६ जना<br>वडा नं. २ मा ९ जना<br>वडा नं. ३ मा ८ जना<br>वडा नं. ४ मा १२ जना<br>वडा नं. ५ मा ५ जना<br>२) स्रोतः नेपाल सरकार<br>वडा नं. १ मा ५ जना<br>वडा नं. ४ मा ५ जना<br>वडा नं. ५ मा ५ जना |
| ६ | प्रहरी चौकी स्थापना सम्वन्धमा । | यस महाकुलुङ गाउँपालिकाको वडा नं गुदेल क्षेत्र सोलुखुम्वु ५ र ४ . जिल्लाको भोजपुर र संखुवासभा जिल्लाको सीमानामा पर्ने , संखुवासभा, भोजपुर जिल्ला तथा खोटाङ जिल्ला लगायतका स्थानमा आवत जावत गर्ने प्रमुख नाकाको-रुपमा रहेको तथा स्थानीय शान्ती सुरक्षामा चुनौती रहेको तर सुरक्षा व्यवस्था नरहेको कारण सुरक्षा चुनौती रहेको साथै स्थानीय नागरिकवाट समेत पटकपटक सुरक्षा -व्यवस्थाको माग सहितको गुनासो आएको हुँदा सो स्थानमा तत्काल प्रहरी चौकी स्थापनाको लागि आवश्यक प्रकृया अगाडी बढाउन जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुलाई लेखी पठाउने निर्णय गरियो । |
| ७ | शाखा रहित बैंकिङ सेवा संचालन गर्ने सम्वन्धमा । | महाकुलुङ गाउँपालिकामा कार्यक्षेत्र रहने गरी स्थापना भएको एभरेष्ट बैंक महाकुलुङ शाखालाई महाकुलुङ गाउँपालिकाको वडा नं. ४ र ५ गुदेल, महाकुलुङ ३ छेस्काममा सामाजिक सुरक्षा भत्ता वितरण समेत गर्ने गरी शाखा रहित बैंकिङ सेवा स्थापनाको लागि सम्वन्धित बैंक तथा वित्तीय संस्थासँग अनुरोध गरी लेखी पठाउने निर्णय गरियो । |